नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुरको

## शैक्षिक-सत्र २०७५/०७६ को (कक्षा ११/१२ का लागि) वार्षिक शैक्षिक कार्यतालिका

**रजिष्ट्रेशन आवेदन फाराम वितरण :**

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको लागि २०७५ भाद्र मसान्तभित्र रजिष्ट्रेशन आवेदन फाराम वितरण गर्ने।

**रजिष्ट्रेशन आवेदन फाराम भर्ने :**

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन आवेदन फाराम २०७५ आश्विन २१ गतेभित्र भरिसक्नु पर्ने (रजिष्ट्रेशन बापतको शुल्क जम्मा गरेको बैंक भौचर आश्विन २१ गतेभित्रको हुनुपर्ने)।

**रजिष्ट्रेशन आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्ब शुल्क सहित) :**

विलम्ब शुल्क (दोब्बर दस्तुर) सहित रजिष्ट्रेशन आवेदन फाराम भर्ने अन्तिम म्याद २०७५ कार्त्तिक १५ गतेसम्म हुने (रजिष्ट्रेशन बापतको शुल्क जम्मा गरेको बैंक भौचर कार्त्तिक १५ गते भित्रको हुनुपर्ने)। रजिष्ट्रेशन आवेदन फाराम विलम्ब शुल्क सहित म्याद सकिएको ७ दिनभित्र बोर्डका शाखा कार्यालयहरूमा बुझाउनु पर्ने।

**रजिष्ट्रेशन प्रमाणपत्र वितरण**

२०७५ मंसिर मसान्तभित्र सम्बन्धित विद्यालयहरूलाई ट्रिप्लिकेट सहित रजिष्ट्रेशनको अर्धकट्टी वितरण गर्ने।

**परीक्षा आवेदन फाराम वितरण**

२०७५ पौष १ गतेबाट सम्बन्धित विद्यालयहरूलाई परीक्षा आवेदन फाराम वितरण गर्ने।

**परीक्षा आवेदन फाराम भर्ने/भराउने :**

२०७५ पौष १५ गतेदेखि २०७५ माघ १५ गतेभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले कक्षा ११ र १२ का नियमित तथा आंशिक/ग्रेडवृद्धि परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भराउने। (बैंक भौचर २०७५ माघ १५ गतेभित्रको हुनुपर्ने )

**परीक्षा आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्ब शुल्क सहित) :**

२०७५ माघ १६ गतेदेखि २०७५ माघ मसान्तभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले विलम्ब शुल्क (दोब्बर दस्तुर) सहितको परीक्षा आवेदन फाराम भराउने तथा उक्त फारामहरू २०७५ फागुन ७ गतेभित्र अनिवार्य रूपमा बोर्डका शाखा कार्यालयहरूमा बुझाउनु पर्ने। (बैंक भौचर २०७५ माघ मसान्तभित्रको हुनुपर्ने)

**परीक्षाको समय तालिका :**

२०७६ साल बैशाख/जेठ महिनामा सञ्चालन हुने कक्षा १२ र ११ को वार्षिक परीक्षाको समय तालिका २०७५ माघ मसान्तभित्र प्रकाशन गर्ने।

**परीक्षा केन्द्र निर्धारण :**

२०७६ साल बैशाख/जेठ महिनामा सञ्चालन हुने कक्षा १२ र ११ को वार्षिक परीक्षाको परीक्षा केन्द्र निर्धारण २०७५ फागुन १५ गतेभित्र गर्ने।

**प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण :**

२०७५ चैत मसान्त भित्र विद्यालयहरूलाई विद्यार्थीहरूको प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण गर्ने।

**प्रयोगात्मक परीक्षा**

बोर्डबाट वाह्य परीक्षक खटाइने विषयहरूको प्रयोगात्मक परीक्षाको समयतालिका सम्बन्धित विद्यालय/ क्याम्पसहरूले तय गरी २०७५ फागुन मसान्तभित्र बोर्डका शाखा कार्यालयमा पेश गर्नुपर्ने। कक्षा १२ को २०७५ चैत्र मसान्तभित्र र कक्षा ११ को २०७६ वैशाख १५ गते भित्र प्रयोगात्मक विषयहरूको प्रयोगात्मक परीक्षा सञ्चालन गरी/गराई परीक्षार्थीको नाम र रजिष्ट्रेशन नम्वर अनुसार प्राप्ताङ्क बोर्डका शाखा कार्यालयहरूमा बुझाउनु पर्ने। बोर्डबाट वाह्य परीक्षक नखटाइने विषयहरूको हकमा सम्बन्धित विद्यालय/क्याम्पसहरूले २०७५ चैत्र मसान्त भित्र प्रयोगात्मक परीक्षा सञ्चालन गरी सोको प्राप्ताङ्क बोर्डका शाखा कार्यालयमा बुझाउनु पर्ने।

**परीक्षा सञ्चालन :**

**क) वार्षिक परीक्षा**

- कक्षा १२ को २०७६ वैशाख महिनाको दोस्रो हप्ता देखि।
- कक्षा ११ को २०७६ वैशाख महिनाको अन्तिम हप्ता देखि।
- पूर्वावश्यक पाठ्यक्रम (Pre Requisite Course) को २०७६ भाद्र दोस्रो हप्ता देखि।

**ख) ग्रेडवृद्धि (पूरक) परीक्षा**

- कक्षा १२ को वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको मितिले ३५ दिन भित्र।
- कक्षा ११ को वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको मितिले ४५ दिन भित्र।

**नतिजा प्रकाशन :**

**क) वार्षिक परीक्षाको**

- कक्षा १२ को २०७६ श्रावण मसान्त भित्र।
- कक्षा ११ को २०७६ आश्विन मसान्त भित्र।

**ख) ग्रेडवृद्धि (पूरक) परीक्षाको**

- कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षा सञ्चालन भएको मितिले २० दिनभित्र।
- कक्षा ११ को ग्रेडवृद्धि (पूरक) परीक्षा सञ्चालन भएको मितिले २५ दिनभित्र।

**पुनर्योग :**

- पुनर्योगको लागि निवेदन दिने समय – नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र।
- पुनर्योगको नतिजा प्रकाशन – पूरक परीक्षा सञ्चालन हुनुभन्दा अघि।